**गैरआवासीय नेपाली संघ**

**वैदेशिक रोजगार तथा गैरआवासीय नेपाली कल्याणकारी हित विभाग**

गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाकाल देखी नै वैदेशिक रोजगारको क्षेत्रलाई मर्यादित र व्यवस्थित गर्न नेपाल सरकारलाई विभिन्न सल्लाह र सुझाव दुनका साथै सरोकारवालाहरु संग सहकार्य र समन्वय गर्दै आएको छ । संघले यस सम्बन्धमा लिएका पहलहरुले सफलता समेत हासिल गरेका छन् । संघको सुझाव अनुसार नेपाल सरकारका नीति र प्रक्रियाहरुमा सुधार भएका छन् ।

**वैदेशिक रोजगारीका क्षेत्रसंग सम्बन्धित संघका प्रमुख उद्‍देश्यहरु :**

- नेपाल सरकार तथा सम्बन्धित मन्त्रालय समक्ष वैदेशिक रोजगार तथा वैदेशिक रोजगारीमा गएका कामदारहरुको हक हित प्रबर्द्धन गर्न विभिन्न क्षेत्रमा गर्नुपर्ने सुधारकालागी पहल गर्ने ।
- गन्तब्य मुलुकमा रहेका राष्ट्रिय समन्वय परिषद् बाट वैदेशिक रोजगारीमा गएकाहरुलाई सहयोग गर्न सकृय भूमिका निर्वाह गराउने ।
- नीतिगत एवं प्रक्रियागत सुधारका लागि नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने ।
- कामदारहरुलाई आवश्यक आर्थिक, कानुनी परामर्श लगायतका अन्य सहयोग प्रदान गर्ने वा उक्त सहयोग प्राप्त गर्न सहयोग गर्ने ।
- वैदेशिक रोजगारीमा गएका महिला कामदारहरुको सुरक्षा, घरेलु कामदारहरु सम्बन्धी राज्यको निति, फर्केर आएका कामदारहरुको पुर्नस्थापनासम्बन्धी आवश्यक कार्य गर्ने गराउने ।

**संघद्‍वारा नेपाल सरकार समक्ष गरिएका पहलहरु :**

- नेपाल सरकारका बिभिन्न निकायहरुबिच सुचना आदानप्रदानका लागी integrated सूचना प्रणालीको बिकास गर्नका लागि पहल ।
- बिदेश स्थित नेपाली नियोगहरुबाट नै पून: श्रम स्वीकृती तथा जीवनबिमाको व्यवस्था । यस बारे मन्त्रीपरिषद्को निर्णय भईसकेको तर कार्यान्वयन नआउन सकेको हुदा यसलाई तुरुन्त कार्यान्वयनमा ल्याउन सरकारलाई अनुरोध गरिन्छ ।
- बैदेशिक रोजगार जानुभन्दा पहिले सम्बन्धित कामको तालिम लिएर मात्र पठाउने व्यवस्था गर्ने
- बिदेश पुगेको २ महिना भित्र दुतावासमा प्रत्यक्ष सम्पर्क गरेर वा कुनै विद्‍युतिय माध्यमबाट दर्ता गर्ने प्रकृयाको थालनि ।
- बैदेशिक रोजगारमा जाने आउनेका लागि इ-गेट संचालन र सोका लागि नागरिकता जस्तै इ-कार्डको व्यवस्था
- बैदेशिक रोजगारका बेलामा मृत्यु हुने तथा अंगभंग हुनेका परिवारलाई परिचय पत्रको व्यवस्था गरि उनिहरुको बच्चाहरुलाई अध्ययन गरिरहेको बिद्‍यालय वा पायक पर्ने अन्य बिद्‍यालयमा छात्रबृत्ती र योग्यता अनुसार निजका परिवारका सदस्यलाई रोजगारीको व्यवस्था ।
- बैदेशिक रोजगारमा अंगभंग भएकालाई आजिवन निशुल्क औपधि उपचार काम गर्न नसक्ने अवस्था भएमा जीवनयापनका लागि भत्ताको व्यवस्था ।

**हालसम्मको केहि उपलब्धि :**

- विदेशमा मृत्युहुने व्यक्तिको परिवारलाई सात लाख बाट अब सत्ताईस लाखसम्म क्षतिपूर्तिको व्यवस्था
- विदेशमा मृत्यु हुने व्यक्तिको छोराछोरीलाई छात्रबृत्तिको व्यवस्था ।
- विदेश स्थित नेपाली दुतावासबाट पनि श्रम स्वीकृती नविकरण गर्न सकिने व्यवस्था लागु गर्ने निर्णय मन्त्रीपरिषद् बाट पारित भएको ।

- विद्युतिय माध्यमबाट विभिन्न नियकाय वीच सूचना प्रणाली ।
- विदेश स्थित नियोगहरुबाट नै वैदेशिक रोजगारीका माग प्रमाणिकरण गराउनु पर्ने व्यवस्था लागु ।
- वैदेशिक रोजगारीबाट फर्केर आएकालाई १० लाख सम्मको सहुलियतिमा ऋण उपलब्ध गराउने व्यवस्था लागु
- सिप ब्याङ्कको अवधारणालाई राज्यले कार्यन्वयनमा ल्याउदै । वैदेशिक रोजगार प्रर्वद्धन बोर्डले सिप परिक्षण गराउनलाई हालै आवेदन मागेको थियो ।
- जनकपुर, बुटवल र पोखराबाट श्रम स्वीकृति लागायतका सेवा दिन सुरु ।

**संघले केहि समय यता प्रदान गरेको प्रमुख सहयोगको विवरण :**

| लाभग्राही | देश | रकम | स्रोत |
|---|---|---|---|
| थानेश्वर भुषाल | साउदी अरेबिया | रु १२,५०,०००<br>रु २,५०,०००<br>रु ५०,००० | एन.आर.एन.ए. राहत कोष<br>साउदी अरेयिबा एन.सि.सि.<br>मलेसिया एन.सि.सि. |
| टोप बहादुर बि.क. | यु.ए.ई | रु ३,००,०००<br>रु २९,००,००० | वैदेशिक रोजगार राहत कोष<br>यु.ए.ई. एन.सि.सि. द्धारा संकलन |
| काबुलमा मारिएका नेपालीहरुको परिवार | अफगानिस्तान | रु १३,००,००० (प्रति परिवार रु १,००,०००) | गैरआवासीय नेपाली संघको मूल कोष |
| प्रदिप राना मगरको परिवार | फ्रान्स | रु ८,१२,४४५ | एनसिसि फ्रान्स |
| पोष्ट ब. बुढाथोकिको परिवार | युगान्डा | रु. २३,००,००० | युगान्डा एन.सि.सि. |
| नगेन्द्र लामा | साउदी अरेबिया | २००० साउदी रियाल | एनसिसि साउदी अरेवीया |
| टिका राम सापकोटा | साउदी अरेबिया | | जेलबाट रिहाईका लागी सहयोग एनसिसि साउदी अरेविया |
| धर्मनाथ पासवान | साउदी अरेबिया | ४,००,००० | एन.सि.सि. साउदी अरेबिया |
| भुपाल बस्नेत | साउदी अरेवीया | ३,२०,०० | वैदेशिक रोजगार राहत कोष |

**संघ द्वारा आयोजित केहि कार्यक्रमहरु :**

- मिति २०७५ कार्तिक ११ गते श्रम मन्त्रालयद्धारा गठित वैदेशिक रोजगारमा गएका कामदारसंग छलफल तथा अन्तर्क्रिया ।
- सञ्चय कोषको दायरा ल्याउन गठित कार्यदलमा एन.आर.एन.ए.का प्रमुख कार्यकारी अधिकृत लगायतको समूह सहभागी भई संघको तर्फबाट धारणा प्रस्तुत ।
- मिति २०७५ कार्तिक ९ गते श्रम मन्त्रालयका सचिव ज्यूसँग एन.आर.एन.ए.का महासचिव, प्रमुख कार्यकारी अधिकृत तथा वैदेशिक रोजगार अधिकृतद्धारा भेट र विभिन्न विषयमा छलफल ।
- मिति २०७५ असोज २७ गते नेपाल सरकारका श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्री ज्यूको अतिथ्यतामा छलफल कार्यक्रम आयोजना ।
- मिति २०७५ असार ६ गते वैदेशिक रोजगार राहत कोषका संयोजक र सदस्यहरुद्धारा नेपाल म्यानपावर व्यवसायी संघका अध्यक्ष रोहन गुरुङसँग भेट ।
- मिति २०७४ चैत्र २५ का दिन गैर आवासीय नेपाली संघ र वैदेशिक रोजगार पत्रकार समाजको संयुक्त आयोजनामा श्रम मन्त्री मा. श्री. गोकर्ण विष्टको सभापतित्वमा श्रम मन्त्रालयमा “गन्तब्य मुलुकमा कामदारको अवस्था” विषयक अन्त्तक्रिया कार्यक्रम संचालन ।

- **प्रस्ताव/सुझावः** लामो समय देखी अबरुद्ध भई रहेको नेपाली महिला कामदारहरु घर फर्कने अवस्था बनाउनका लागि गैरआवासी नेपाली संघको पहलमा नेपाल सरकारले पुन श्रमस्वीकृति व्यवस्था ल्याएको र यसलाई अझ व्यवस्थित गर्नु पर्ने ।

**संघद्वारा खडा वैदेशिक रोजगार राहत कोष सम्बन्धमाः**

हाल जम्मा रकम : रु ३ करोड (झण्डै १ करोडको अर्को प्रतिबध्दता)

- विभिन्न समस्यामा परी आर्थिक अभावका कारण जेल जिवन, अस्पताल, कानुनी उपचारको अभाव खेपिरहेकाको सहयोगार्थ यस कोषको रकम परिचालन गरि सहयोग गर्ने गरिएको छ ।

**नेपाल सरकारसँग गरिनु पर्ने सहकार्य सम्बन्धमा प्रस्ताव :**

- श्रम मन्त्रालय र गैर आवासीय नेपाली संघको संयुक्त कार्यदल गठन गर्न गैर अवासीय नेपाली संघद्धारा प्रस्ताव पेसगरिसकिएको र यसको कर्यान्वयन जरुरी ।
- हाल रोजगारदाता द्वारा गरिने बिमाले काम दौरानको दुर्घटना मात्र cover गर्ने गरिएकोमा कामको दौरानको वाहेकको दुर्घटना समेत बेहोरिने गरि रु ३० लाखको अनिवार्य बिमाको व्यवस्था गरिनु पर्ने ।
- श्रम मन्त्रालयका मन्त्रीज्यूद्धारा विभिन्न प्रदेशहरुमा गठन गर्न लागिएको तालिम केन्द्र स्थापनामा कुनै एक तालिम केन्द्र स्थापनामा सहयोग गर्न प्रस्ताव ।
- बैदेशिक रोजगारमा बिना कशुर जेल सजाय भोगेका तथा भोग्न पार्न बाध्यता पारिएकाहरुलाई सरकारले उद्धार तथा कानुनी व्यवस्थाको पहल हुनु पर्ने । अहिले सम्म यी कार्य गैरआवासीय नेपाली संघले आफ्नो साधन श्रोतले भ्याए सम्म सहयोग गर्ने गरेता पनि यसलाई व्यवस्थित बनाउन कानुन सहचारीको व्यवस्था गर्नु पर्ने ।
- बैदेशिक रोजगार सामाजिक सुरक्षा कोष (हजारे अभियान) मार्फत गैरआवासीय नेपाली संघको पहलमा संचयकोष संग सम्झौता गर्दै श्रम मन्त्रालयले कार्यदल बनाएको र सो कार्यदलले बुझाएको सुझाव मुताविक गत श्रावण महिन बाटै पाइलट प्रोजेक्टको रुपमा सुरुवात गर्ने भनी तत्कालीन श्रम मन्त्रीद्वारा घोषण भएको तर अहिले सम्म कार्यान्वयन नभएको ।
- श्रम मन्त्रालय लगायत, केन्द्रिय, प्रादेशिक र स्थानिय सरकारसँग सहकार्य र समन्वयलाई निरन्तरता दिने ।
- सिप व्याङ्कको अवधारणालाई कार्यन्वयनमा ल्याउनु पर्ने यसमा सहयोग गर्न संघ तयार ।
- वैदेशिक रोजगारीमा गएका महिलाहरुका विभिन्न समस्या, विषयहरुलाई संबोधन गर्ने र फर्किएकाहरुको लागी पुर्नस्थापना सम्बन्धी नीति तर्जुमा गर्नु पर्ने ।
- संयुक्त आवासको अवधारणालाई बृहत रुपमा छलफल र अध्ययन गर्ने र यसको कार्यन्वयनका लागी पहल गर्ने ।
- वैदेशिक रोजगारको क्षेत्रलाई थप मर्यादित र व्यवस्थित गर्नको लागि गैरआवासीय नेपाली संघ समेत सदस्य रहने गरी श्रम मन्त्रालय, प्रबद्र्धन बोर्ड र वैदेशिक रोगार विभागको कार्यदल निर्माण गर्ने
- वैदेशिक रोजगारमा जाने हरुको लागि सम्बन्धित सीप, ज्ञान र भाषा सम्बन्धि तालिम दिलाउनको लागि प्रशिक्षण केन्द्र स्थापनाका लागि श्रम मन्त्रालयले पेश गरेको र संघ पनि सहकार्य सहमत भएको यसका लागि विशेष कार्यदलमा दुवै पक्षको सदस्यहरु कार्ययोजना बनाई राखी अघि बढ्नु पर्ने ।
- गैरआवासीय नेपाली संघले वैदेशिक रोजगारबाट फर्किएर आएकालाई रु. १० लाख सम्मको सहुलियती ऋण उपलब्ध गराउन सरकार समक्ष पहल गरेकोमा सो सहुलियत ऋण नेपाल सरकारले उपलब्ध

गराउने व्यवस्था गरेकमा सरकार प्रति आभार र भविष्यमा शसक्त कार्यको पहल गर्न गराउन आवश्यक ।

- बैदेशिक रोजगारमा बिनकशुर जेल सजाय भोगेका तथा भोग्न पार्न बाध्यता पारिएकाहरुलाई सरकारले उद्धार तथा कानुनी व्यवस्थाको पहल गर्ने । अहिले सम्म यी कार्य गैरआवासीय नेपाली संघले आफ्नो गच्छताले गरेता पनि यसलाई सरकारले कानुन सहचारीको व्यवस्था गरी यसलाई पहल गर्ने ।

डा. बद्री केसी
उपाध्यक्ष, गैरआवासीय नेपाली संघ तथा सभापति
वैदेशिक रोजगार तथा गैरआवासीय नेपाली कल्याणकारी हित विभाग ।